फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
१ नं. प्रदेश, नेपाल

## फिदिम नगरपालिकाको आ.व. २०७८/०७९ को वार्षिक समीक्षा कार्यक्रमको

### संक्षिप्त प्रतिवेदन

स्थानीय तहले वार्षिक रुपमा सम्पन्न गरेका योजना तथा कार्यक्रमहरुको प्रगित समीक्षा गर्नुपर्ने नीतिगत व्यवस्था भए अनुरुप यस फिदिम नगरपालिकाले आ.व. २०७८/०७९ मा भए गरेका कार्यक्रमहरुकव नगरस्तरीय वार्षिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न गरिएको छ। उपलब्ध श्रोत र साधनको यथोचित विवरण र परिचालन भए नभएको विषयमा सरोकारवालाबीच छलफल र समीक्षा गरी प्राप्त पृष्ठपोषणको आधारमा संस्थागत सुधार गर्न बार्षिक प्रगति समीक्षा कार्यक्रम संचालन गरी सम्पन्न भएको थियो।

नगर प्रमख श्री मित्रप्रसाद काफ्लेज्यूको अध्यक्षता तथा उपप्रमुख श्री राधाकृष्ण न्यौपानेज्यू,प्रमुख प्रशासकीय अधिकृत श्री गणेश प्रसाद दाहालज्यू, १-१४ वटै वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु शाखा प्रमुखज्यूहरु वडा सचिवहरु नगरपालिकाका अन्य कर्मचारी सहित १०५ जनाको सहभागिता रहेको। उक्त कार्यक्रमा स्वागत मन्तव्य सहित कार्यक्रमको उदेश्य माथि प्रकाश प्रमुख प्रशासकीय अधिकृतबाट भएको थियो।

फिदिम नगरपालिकाको कार्यालयबाट आ.व. २०७८/ ०७९ मा सम्पादन गरिएका कार्यक्रमहरुको वार्षिक प्रगति विवरण विषयत शाखा प्रमुख, इकाई प्रमुख र वडा सचिवहरुले प्रस्तुत गरेका थिए। उक्त प्रस्तुति उपर वार्षिक कार्यक्रमहरुबाट के कस्ता उपलब्धीहरु हासिल भए र के कस्ता कमी कम्जोरीहरु रहेका छन भन्ने विषयमा छलफल गरी आगामी आर्थिक वर्षका लागि पृष्ठपोषण प्राप्त भएको थियो।

फिदिम नगरपालिकाको एकिकृत वार्षिक प्रगति विवरण आ.व. : २०७८/०७९

वजेट रु. मा

| | कार्यक्रम | वित्तिय प्रगति | | | | | भौतिक प्रगतति | |
|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात | इकाई | लक्ष्य | प्रगति प्रतिशत |
| १ | आर्थिक विकास | १०,२१,१३,९१९ | ७,३६,४०,३९४ | ७२.१२ | २,८४,७३,५२५ | प्रतिशत | १०० | ८७.०५ |
| २ | सामाजिक विकास | ५०,८३,९९,१४५ | ४५,७३,८३,१६९.२५ | ८९.९७ | ५,१०,१५,९७५.७५ | प्रतिशत | १०० | ९४.३३ |
| ३ | पूर्वाधार विकास | २५,६९,०९,००० | २०,१६,८९,८२० | ७८.५१ | ५,५२,१९,१८० | प्रतिशत | १०० | ९४.६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४,८२,३३,७०१ | २,४१,९५,११२ | ५०.१६ | २,४०,३८,५८९ | प्रतिशत | १०० | ७०.४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११,५९,९१,०००.४६ | ८,६८,९५,४१९.९६ | ७४.९२ | २,९०,९५,५८०.५० | प्रतिशत | १०० | ७४.९२ |
| कुल जम्मा | | १,०३,१६,४६,७६५.४६ | ८४,३८,०३,९१५.२१ | ८१.७९ | १८,७८,४२,८५०.२५ | प्रतिशत | | ८४.२६ |
| निकासा फिर्ता | | | | | ९,४०,७८,८८८.६१ | | | |
| बैक मौज्दात | | | | | ९,३७,६३,९६१.६४ | | | |

फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
१ नं. प्रदेश, नेपाल

समीक्षाबाट प्राप्त सुझावहरु

१.सवै विषयगत शाखाले वार्षिक लक्ष्य अनुसार गुणस्तरीय कार्य समयमा सम्पन्न गर्नुपर्ने।

२. फिदिम नगरपालिकाबाट निशुल्क उपलब्ध हुने औषधीहरुको विवरण सबै स्वास्थ्य संस्थाहरुमा फ्लेक्स प्रिन्टमा टाँस गर्नुपर्ने।

३. आगामी आ.व. देखि खरिद योजना/ खरिद गुरु योजना र वार्षिक कार्य योजना तयार गरी प्रथम चौमासिक भित्रमा ठेक्काबाट हुने कार्यहरु संझौता सम्पन्न गर्ने।

४. उपभोक्ता समितिहरुसंग हुने सबै योजनाहरुको संझौता मंसिर मसान्त भित्र सक्ने र बैशाख मसान्त भित्र सबै निर्माण कार्य सम्पन्न गर्नु पर्ने।

५. कार्यालयले आफै संचालन गर्ने तालिम गोष्ठी जस्ता कार्यक्रमहरु दोश्रो चौमासिक भित्रमा सम्पन्न गर्नु पर्नेछ।

६. खर्च भएर जाने जिन्सी सामाग्रीहरु वडा सचिवले खरिद आदेशमा सही गरी खरिद गर्ने र खर्च भएर नजाने सामानहरु नगरपालिकाले एकिकृत गरी खरिद गर्ने।

७. प्रचलित कानुनमा व्यवस्था भए अनुसार रु. एक लाख भन्दा माथिको सामान खरिद गर्दा अनिवार्य लागत अनुमान तयार गरी खरिद गर्ने ।

फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
१ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत